# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २२ मई २०२५
## समयः १८:५० - १९:०० बजे

मुख्य समाचार

- प्रधानमन्त्री नरेन्द्र मोदी आगामी 29 मईको दिन  पश्चिम बंगाल आउनु हुनेछ ,उहाले अलिपुरद्वारमा एक जनसभालाई सम्बोधन गर्नु हुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार 'अमृत भारत स्टेशन योजना' अन्तर्गत पश्चिम बंगालका तीन प्रमुख स्टेशनलाई आधुनिक सुविधाले सुसज्जित गरिएको छ।

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले "भारतीय पुनर्जागरणका प्रणेता" राजा राममोहन रायप्रति  श्रद्धाञ्जली अर्पण गर्नु भएको छ ।

- गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनका मुख्य कार्यपाल अनित थापाको निर्देशमा मंगपु आईटीआईमा सञ्चालित दार्जीलिङ हिल युनिभर्सिटीको भौतिक संरचना विस्तार कार्य सुरू भएको छ।

- छैटौं वेतन आयोगको रिपोर्ट पश्चिम बंगाल विधानसभामा अहिलेसम्म पनि पेश नगरेको विधानसभा सचिवालयले जानकारी गरेको छ I

पीएम – अलिपुरद्वार

प्रधानमन्त्री नरेन्द्र मोदी आगामी 29 मईको दिन  पश्चिम बंगाल आउनु हुनेछ । उहाले अलिपुरद्वारमा एक जनसभालाई सम्बोधन गर्नु हुनेछ। प्रधानमन्त्रीको भ्रमणलाई मध्यनजर गर्दै  आज  प्रदेश भाजपाका  सांगाठानिक महासचिव अमिताभ चक्रवर्ती, महासचिव दीपक बर्मन र अलिपुरद्वारका सांसद मनोज टिग्गाले कार्यक्रम स्थलको भ्रमण गरे। यसक्रममा  समयमा राज्यका अन्य भाजपा नेताहरू पनि उपस्थित थिए।

BYTE

पश्चिम बंगाल- तीन स्टेशन

प्रधानमन्त्री नरेन्द्र मोदीले बिहीबार 'अमृत भारत स्टेशन योजना' अन्तर्गत देशभरका १०३ स्टेशनहरूको पुनर्विकास कार्यको भर्चुअल रूपमा उद्धाटन गर्नु भयो। यस चरणमा, पश्चिम बंगालका तीन प्रमुख स्टेशनहरू - आद्रा डिभिजनको जयचण्डी पहाड स्टेशन, आसनसोल डिभिजनको पानागढ स्टेशन र सियालदह डिभिजनको कल्याणी घोषपारा स्टेशनलाई आधुनिक सुविधाहरूले सुसज्जित गरिएको छ। यस योजना अन्तर्गत, देशभरका कुल ६ सय ५० स्टेशनहरूको पुनर्विकास गरिनेछ, जसका लागि  अनुमानित लागत  २५ हजार करोड रुपियाँ रहेको छ । यस पटक बंगालका तीनवटै स्टेशनहरूको मर्मत गरिएको छ जसले यात्रुहरूलाई आधुनिक र सुविधाजनक यात्रा प्रदान गर्नेछ। कल्याणी घोषपाडा स्टेशनको विशेषता: पूर्वी रेलवे अन्तर्गतको यो स्टेशन ट्राफिकको दृष्टिकोणबाट मात्र महत्त्वपूर्ण नभएर  कल्याणी विश्वविद्यालय, आई.आई.टी, एम्स र आई.टी.आई जस्ता संस्थाहरू पनि छन्, जसका कारण यस स्टेशनबाट दैनिक हजारौं विद्यार्थी र सर्वसाधारणले यात्रा गर्ने गर्दछन्।

ममता ब्यानर्जी- राजा राममोहन

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले "भारतीय पुनर्जागरणका प्रणेता" राजा राममोहन रायप्रति श्रद्धाञ्जली अर्पण गर्नु भएको छ ।राजा राममोहन रायलाई श्रद्धाञ्जली अर्पण गर्नु हुदै मुख्यमंत्री ममता बनर्जीले "राजा राममोहन राय भारतीय पुनर्जागरणका पहिलो प्रमुख व्यक्तित्व र प्रबुद्ध र राष्ट्रवादी भारतका दूरदर्शी रहेको बताउनु भयो। उहाले भन्नु भयो, हामी आज पनि हाम्रो जीवनको हरेक पाइलामा उहाँलाई सम्झन्छौं।" अन्धविश्वास र रूढीवाद प्रथा तोड्ने राजा राममोहन रायको जन्म १७७२ ईस्वीमा आजको दिन भएको थियो। उहाँ एक भारतीय समाज सुधारक र लेखक हुनुहुन्थ्यो, जसले १८२८ ईस्वीमा ब्राह्म सभाको स्थापना गर्नु भयो। उहाले ब्रिटिश शासनकालमा सती दहनको अमानवीय प्रथा उन्मूलन गर्न अग्रणी भूमिका निर्वाह गर्नु भएको थियो।

डीएचयू

गोर्खाल्याण्ड क्षेत्रिय प्रशासनका मुख्य कार्यपाल अनित थापाको निर्देशमा मंगपु आईटीआईमा सञ्चालित दार्जीलिङ हिल युनिभर्सिटी (डीएचयू) को भौतिक संरचना विस्तार कार्य सुरू भएको छ। डीएचयूमा कक्षा कोठा र अन्य आवश्यक कोठाहरूको अभावलाई सम्बोधन गर्न सम्बन्धित इन्जिनियरिङ विभाग र कार्यकारी निर्देशकलाई तत्काल भवन निर्माण कार्य सुरु गर्न आदेश दिइएको थियो। त्यही निर्देश अनुसार आज देखि निर्माण कार्य सुरु गरिएको छ। डीएचयूका उपकुलपति डा. तेजी गुरूङ नाग र जीटीए प्रमुख थापाबीच हालै भएको बैठकको परिणाम स्वरूप यो कार्य शुरु भएको बताईएको छ । जानकारी अनुसार, बैठकमा डा. नागले युनिभर्सिटीमा कक्षा कोठा र अन्य आधारभूत सुविधाहरूको कमीले अफलाइन कक्षाहरू सञ्चालनमा कठिनाइ भइरहेको अवगत गराउनु हुदै युनिभर्सिटीको शैक्षिक गतिविधिलाई सहज बनाउन जीटीए समक्ष सहयोगको आग्रह गर्नु भएको थियो । 16 नोभेम्बर 2021 देखि मंगपु आईटीआईमा सञ्चालनमा आएको डीएचयूमा अंग्रेजी, गणित, नेपाली, राजनीति शास्त्र , इतिहास, मास कम्युनिकेसन विषयमा स्नातकोत्तर तहको पढाइ भइरहेको छ। यो कदमले दार्जीलिङ पहाडमा उच्च शिक्षाको पहुँच र गुणस्तर वृद्धि गर्ने लक्ष्यलाई बल पुर्‍याउने विश्वास गरिएको छ। डीएचयूको विस्तारले स्थानीय विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर थप सुलभ हुने अपेक्षा गरिएको छ।

राजु विष्ट

दर्जीलिंगका संसाद राजु विष्टले ओपरेशन सिन्दुरको सफलतापछि सिलगडीमा आयोजित तिरंगा यात्रामा भाग लिनु भयोI एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै सांसद राजु विष्टले भन्नु भएको छ, दार्जिलिङको सिलगडीमा आयोजित "तिरंगा यात्रा" मा पश्चिम बंगाल विधान सभाका सांसद शुभेन्दु अधिकारी र नागरिकहरूसँग गर्वका साथ सहभागी हुन पाउँदा मलाई खुशी लागेको छ। यो यात्राले भारतीय सशस्त्र सेनाको अतुलनीय बहादुरी र बलिदान र "अपरेसन सिन्दूर" को सफल परिणतिको सम्मान गर्दछ। उहाले "तिरंगा यात्रा" ले २६ निर्दोष नागरिकको ज्यान लिने जघन्य पहलगाम आतंकवादी हमलाको बदलामा सुरु गरिएको "अपरेसन सिन्दूर" को सफलताको सम्झना गर्ने बताउनु भयो। श्री विष्टले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीको साहसी र निर्णायक नेतृत्व र हाम्रा सशस्त्र बलहरूको अदम्य बहादुरीमा, "अपरेसन सिन्दूर" ले सीमापार आतंकवादी पूर्वाधारमा ठूलो प्रहार गरेको र १०० भन्दा बढी आतंककारीहरूलाई निष्क्रिय पार्दै पाकिस्तानमा उनीहरूको ठेगाना र समर्थन आधारहरू ध्वस्त पारेको छ । उहाले यो यात्रा केवल एकताको प्रतीकात्मक प्रदर्शन मात्र नभएर , देशको सार्वभौम सत्तालाई साहस र बहादुरीका साथ जोगाउने जवानहरूप्रति गहिरो कृतज्ञता झल्काउने जनआन्दोलन बताउनु भयो।

अरुण खेत्रपाल- परमवीर चक्र

आतंकवाद विरुद्धको अपरेशन सिन्दूरको सफलताबाट उत्साहित भएर, सम्पूर्ण राष्ट्रले भारतीय सैनिकहरूको वीरता र साहसलाई सलाम गरिरहेको छ। आकाशवाणी समाचारले सशस्त्र बलहरूप्रति सम्मान र कृतज्ञताको प्रतीकको रूपमा एक विशेष श्रृंखला प्रसारण गर्दैछ। यसै शृङ्खलामा, आज हामी १९७१ को भारत-पाकिस्तान युद्धमा सर्वोच्च बलिदान दिने परमवीर चक्र विजेता सेकेन्ड लेफ्टिनेन्ट अरुण खेत्रपाललाई समरण गरिरहेका छौ।

BYTE

कालेबुङ तिरङ्गा यात्रा

भाजपा दार्जीलिङ जिल्ला समितिले आज कालेबुङ शहरमा तिरङ्गा यात्रा सम्पन्न गरेको छ। कालेबुङको डम्बर चोकबाट आरम्भ भएको तिरङ्गा यात्राले शहरको विभिन्न परिक्रमा गर्दै थाना डाँड़ामा सहिद स्मारकमा पुगेर समापन भएको थियो। तिरङ्गा यात्रामा भाजपा दार्जीलिङ जिल्ला अध्यक्ष कल्याण देवान, मूलसचिव राजु थुलुङ राई लगायत अन्य भाजपा पदाधिकारीहरू लगायत कार्यकार्ताहरूको धेरै संख्यामा उपस्थिति रहेको थियो। यसैबीच पत्रकारहरूलाई सम्बोधन गर्नु हुदै जिल्ला भाजपाका मूल सचिव राजु थुलुङ राईले देशका सपुत सैनिकहरूले शत्रु देशमाथि आक्रमण गरी प्रशंसनीय विजय हासिल गरेकोमा उनीहरूको सम्मानमा यो यात्रा आयोजना बताउनु भएको छ।

BYTE

छैटौं वेतन

छैटौं वेतन आयोगको रिपोर्ट पश्चिम बंगाल विधानसभामा अहिलेसम्म पनि पेश गरिएको छैन। सूचनाको अधिकार अन्तर्गत गरिएको एक आवेदनको जवाफमा पश्चिम बंगाल विधानसभा सचिवालयले यसबारे जानकारी दिएको छ। देवप्रसाद हालदार नामक व्यक्तिले सूचनाको अधिकार अन्तर्गत आरटीआई दर्ता गरी राजकीय कर्मचारीको वेतन छैटौं वेतन आयोग अन्तर्गत छ भन्ने विषयमा जान्ने चेष्टा गरेका गरेका थिए I यसको जवाफमा पश्चिम बंगाल विधानसभा सचिवालयले आयोगको रिपोर्ट विधानसभामा पेश नगरिएको साथै यो रिपोर्ट उनीहरूसित उपलब्ध नरहेको बताएको छ।